# बाह्रौ  नगरसभामा नगर प्रमुखबाट प्रस्तुत वक्तव्य

**यस गरिमामय नगरसभाका सदस्यज्यू, राष्ट्रसेवक कर्मचारीज्यू, विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मी एवम् पत्रकारज्यू, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

सैनामैना नगरपालिकाको गरिमामय बाह्रौ नगरसभामा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० मा हालसम्म गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु । यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित सैनामैना नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको विकासमा सहयोग पुर्याउनु हुने राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार एवम् सञ्चारकर्मी तथा सैनामैना नगरवासीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाका मूल ध्यय हुनेछ ।

नेपालको संविधानको व्यवस्था अनुरुप स्थापित स्थानीय सरकारको पाँच वर्षे कार्यकाल समाप्त भई २०७९ वैसाखमा दोस्रो कार्यकालको लागि भएको स्थानीय निर्वाचनबाट हामी निर्वाचित भई आएका छौ । यसरी नयाँ निर्वाचित हामी जनप्रतिनिधिहरुले जनताको सुशासन, विकास निर्माण र सेवा प्रवाहलाई सहज सरल पारपदर्शी जन उत्तरदायी वनाउन दत्त चित्तले लागेका छौ।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही नगरपालिकालाई सम्वृद्ध वनाउने  अविभारा हामीमा आएको व्यहोरा समेत यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**नगरसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,**

**अब म यस सैनामैना नगरपालिकाको आ.व.०७९/०८० को हालसम्मको अवस्था र भए गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु।**

## स्वास्थ्य तथा सरसफाई

स्वास्थ्य तर्फ,

### कोभिड १९ तथा अन्य महामारी रोग नियन्त्रण ,

कोभिड माहामारीको नियन्त्रण गर्नको लागि जनचेतना कार्यक्रम संचालन भएको छ, १० वटै स्वास्थ्य सस्था बाट कोभिड खोप कार्यक्रम संचालन भएको छ हाल सम्म कोभिड १९ बिरुद्ध १२ वर्ष भन्दा माथिका सत प्रतिशत नागरिकहरुले खोप लगाइसकेका छन् भने ६८६३ जना नागरिकको खोपको प्रमाणिकरण गरि सर्टिफिकेट उपलब्ध गराइएको छ ।

डेंगु रोग नियन्त्रण को लागि स्वास्थ्य कर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, टोल विकास सस्था, जनप्रतिनिधि लगाएतको उपस्थितिमा विभिन्न चरणमा जनचेतना तथा सरसफाई कार्यक्रम सम्पन्न भएको छ र शितलहर बाट हुने जोखिम ब्यबस्थापनको लागि अत्यावस्यक औषधि तयारि अवस्थामा रहेको छ ।

### घातक रोग हरु,

मुटु, क्यान्सर, मृगौला रोग, जस्ता रोग बाट उपचार गराउनु पर्ने बितपन्न रोगीहरुको लागि संघ तर्फ ५८ जना र प्रदेश तर्फ ३१ जना रोगीहरुको उपचारको लागि सिफारिस गरि पठाइएको र नगरपालिका मार्फत यातायात खर्च समेत उपलब्ध गराइएको छ साथै त्यस्ता प्रकारका ९७ जना रोगी हरुको लागि नेपाल सरकारले उपलब्ध गराउने मासिक भत्ताको लागि स्वास्थ्य मन्त्रालयमा रकम मागको लागी विवरण पठाइएको छ ।

### निशुल्क एम्बुलेन्स सेवा

गर्भवती,सुत्केरी,अपाङ्ग,जेष्ठनागरिक तथा अति विपन्न नागरिक गरी जम्मा ९४० जना नागरिकहरुलाई रुपन्देही जिल्ला भरि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

## प्रसुती तथा उत्तर प्रसुती सेवा

पर्रोहा स्वास्थ्य चौकीको बर्थिङ सेन्टर वाट ३३३ जना महिला हरुलाई निशुल्क प्रसुती सेवा तथा प्रसुती पश्चात उत्तर प्रसुती तथा नवजात शिशुको जाँच सम्पन्न भएको छ ।

## नसर्ने रोग सम्बन्धि कार्यक्रम

नसर्ने रोग मध्ये सबै भन्दा बढी देखिएको महिलाको पाठेघरको क्यान्सर लाई नियन्त्रण गर्नको लागि स्क्रिनिंग गरी समयमै रोग पत्ता लगाई जटिलता हुन नदिनको लागि सवै स्वास्थ्य सस्थाका नर्सिंग स्टाफहरुलाई तालिमको ब्यबस्था गरी सबै स्वास्थ्य सस्थावाट स्क्रिनिंग गर्ने ब्यवस्थाको शुरुवात गरिएको छ, जुन सेवा हाल सम्म नेपाल मा अन्य कुनै पनि स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र वाट पनि संचालन गरिएको छैन ।

## औषधि तथा औषधिजन्य सामाग्रीको ब्यबस्थापन

नेपाल सरकारले तोकेका तथा यस सैनामैना नगरपालिकाले थप गरेका सूची अनुसारको औषधि तथा औषधिजन्य सामाग्री र फर्निचरहरु समयमै खरिद गरी वितरण गरिएको छ ।

## बार्षिक समीक्षा तथा प्रगति प्रतिवेदन

यस सैनामैना नगरपालिका अन्तरगतका सवै स्वास्थ्य सस्थाहरुको पालिका स्तरीय वार्षिक समीक्षा तथा यस आ. व. को चौमासिक समीक्षा सम्पन्न गरिसकिएको छ ।

## स्वास्थ्य सस्थाहरुको न्युनतम सेवा मापदण्ड

सैनामैना नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य सस्थाहरुको न्युनतम सेवा मापदण्ड स्वास्थ्य सस्था संचालन तथा व्यस्थापन समितिको सहभागितामा सम्पन्न भएको छ ।

## प्रयोगशाला सेवा संचालन

परोंहा स्वास्थ्य चौकीमा मात्र संचालन भएको प्रयोगशाला सेवालाई बिस्तार गरी साल्झण्डी स्वास्थ्य चौकी तथा दुधराक्ष स्वास्थ्य चौकीबाट सेवा संचालन गरिएको छ ।

## एन्टी रेविज भ्याक्सिन सेवा

परोंहा स्वास्थ्य चौकीवाट संचालन भएको एन्टी रेविज भ्याक्सिनवाट सैनामैना नगरपालिका सहित अन्य पालिकाबाट ४५० भन्दा बढी नागरिकले सेवा लिएका छन् ।

## नियमित खोप सेवा

३७६ जना १५ महिना मुनिका वालवालिकाहरुले पूर्ण खोप सेवा प्राप्त गरेका छन् ।

## दैनिक बहिरंग सेवा

सैनामैना नगरपालिका अन्तर्गतका कुल १४५६३ जना विरामीहरुले सेवा लिएकाछन् ।

## महिला,बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

यस सैनामैना नगरपालिका महिला तथा बालबालिका शाखातर्फ आ.व. ०७९।०८० को हालसम्मको प्रगति विवरण यस प्रकार रहेको छ ।

१. अपाङ्गता क्षेत्रमा काम गर्ने संघ सस्थाहरु बीच चौमासिक अन्तरक्रिया, अपाङ्गता परिचय पत्र वितरण समन्वय समिति पुर्नगठन तथा बैठक सञ्चालन गरी जम्मा ६८ वटा अपाङ्गता परिचय पत्र वितरण गरिनुका साथै आई आर डि सी, फेयर फाउण्डेशनको सहयोगमा ३० वटा सेतो छडि वितरण र रोटरी क्लवको सहयोगमा १८ वटा हिवलचेयर वितरण गरिएको छ ।

२. विभिन्न दिवसीय कार्यक्रम अन्तर्गत राष्ट्रिय बालदिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रमको आयोजना गरी मनाईएको छ ।

३. लैङ्गिक हिंसा निवारणका लागि तत्काल उद्धार तथा राहत समिति पुनर्गठन बैठक बसी हिंसा पिडित १ जना महिला लाई लैङ्गिक हिंसा कोषबाट राहत स्वरुप रु. ५ हजार उपलब्ध गराईएको छ भने मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समितिको पुर्नगठन बैठक माईती नेपालको सहयोगमा सम्पन्न भएको छ ।

४. महिलासंग उपप्रमुख कार्यक्रम अन्र्तगतको शिर्षकबाट समिति पुर्नगठन सहित बैठक सञ्चालन, उपप्रमुख तीज मिलन तथा अन्तरक्रिया कार्यक्रम, किशोरी शसक्तिकरण समुहले सचेतनामुलक कार्यक्रम स्टेज नाटक सम्पन्न गरी सोही कार्यक्रमबाट बाँस र मकैको खोस्टाबाट हस्तकलाका सामाग्री बनाउने नगरस्तरीय तालिम २ समुहमा सञ्चालनमा रहेको छ भने महिलाहरुलाई ५ दिने उदघोषण तालिमको लागि श्री जलेश्वर पब्लिक मिडिया प्रा.ली. संग सम्झौता गरी कार्यान्वयन प्रकृया अगाडि बढाइएको छ ।

## स्थानीय बिकास कोष तर्फ

सैनामैना नगरपालिकामा जम्मा ११५ वटा सामुदायिक संस्था रहेका छन । जसमा पुरुष सामुदायिक संस्था २२, महिला सामुदायिक संस्था ६५ र मिश्रित सामुदायिक संस्था २८ रहेकोमा उक्त संस्था तर्फ कुल ३५४३ सदस्य रहेका छन । स्थानीय बिकास कोष तर्फ हाल सम्म ३० वटा अध्यक्ष मेनेजर भेला सम्पन्न भएका छन । हाल स्थानीय बिकास कोष संचालन समिति पुनर्गठन गरिएको छ । घुम्ति कोषको रकम ८३ लाख रहेको छ । उक्त कोषबाट सहुलियत ब्याजदरमा बढिमा रु ५ लाख सम्म प्रति सामुदायिक संस्थालाई ऋण परिचालन गरिएको छ ।

नगरपालिकाबाट आ.व. २०७९/८० मा प्राप्त रकमबाट सी.एम.सी कार्यक्रम संचालन, सामुदायिक संस्थामा सामुहिक खेतिको लागि बिउ बिजन तथा कृषि सामग्री बितरण र सामुदायिक संस्थामा क्षमता बिकासको लागि रु ३ लाख ८७ हजार ३ सय ५० खर्च भएको छ । घुम्ति कोष तर्फ २४ लाख ५२ हजार ५ सय साँवा र २ लाख ८ हजार ७ सय २५ गरी जम्मा २६ लाख ६१ हजार २ सय २५ रकम असुली भएको छ । उक्त कार्यक्रममा सामाजिक परिचालन समितिको बैठक १, स्थानीय बिकास कोष संचालक समितिको बैठक ५ वटा र वडा स्तरीय ६ वटा गरी १३ वटा अध्यक्ष मेनेजर भेला सम्पन्न भएका छन ।

## <u>शिक्षा, युवा तथा खेलकुद</u>

१. नर्सरी देखि कक्षा ६ सम्मका सबै बालबालिकालाई विद्यालयमा तयार गरिएको निःशुल्क, स्वच्छ र स्वास्थ्यवर्धक खाजाका लागि संघीय सरकारवाट प्राप्त हुने रकममा नगरबाट प्रति विद्यार्थी रु ५ थप गरी विद्यालयमा दिवा खाजाको व्यवस्थालाई कार्यन्वयनमा ल्याईएको छ । विद्यालयमा कार्यरत शिक्षक कर्मचमारीहरुको लागि विनियोजन गरेको रकमको ६२.१८ प्रतिसत, वाल सहजकर्ता र विद्यालय कर्मचारी व्यवस्थापन तर्फ ५५.८२ प्रतिसत, आधारभूत तह र माध्यमिक तह कक्षा ९ र १० मा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान तर्फ ५० प्रतिसत, दिवा खाजा तर्फ ४४.२८ प्रतिसत, वालविकास सहजकर्ता विद्यालय कर्मचारी व्यवस्थापन अनौपचारीक महिला विद्यालय सन्चालन नगरपालिका तर्फ ५१.७८ प्रतिसत, प्राविधिक धारका विद्यालय र कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालित विद्यालयलाई सञ्चालन खर्च १०० प्रतिसत, IEMIS तर्फ तालिम तथा पाठ्यक्रम प्रवद्धिकरण तर्फ १०.७५ प्रतिसत गरी हालसम्म ९ करोड ९९ लाख ३ हजार १ रूपैयाँ खर्च भई सकेको छ ।

२. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम तर्फ शिर्षकगतरुपमा वजेट स्वीकृत भइ कार्यन्वयनमा ल्याईएको छ ।दिवाखाजा कार्यक्रमको नियमित अनुगमन गरी विद्यालयमै पकाएर खुवाउनु पर्ने अनिवार्य व्यवस्था मिलाईएको छ ।नगर प्रमुख संग वालवालिका कार्यक्रमको कार्यविधि स्वीकृत गरी सोही बमोजिम कार्यक्रम कार्यन्वयमा ल्याइएको छ । नगर शिक्षा समितिलाई पुर्णता दिन कार्यपालिकाबाट ३ जना पदाधिकारी मनोनयन गरिएको छ ।

आर्थिक विकास

## कृषि विकास तर्फ

**सैनामैना नगरपालिका आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हाल सम्म कृषि विकास शाखाबाट भएका कार्यहरुको प्रगती विवरण तपसिल अनुसार रहेको छ ।**

**१) कृषकहरुको माग अनुसार गहुँको उन्नत वीउ ११ मे.टन र मुल वीउ ४.५ मे.टन गरी जम्मा १५.५ मे.टन ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।**

**२) ५० प्रतिशत अनुदानमा ३२०० प्याकेट च्याउको वीउ कृषकको माग अनुसार वितरण गरिएको छ ।**

३)  मसला वाली अन्तर्गत ५० प्रतिशत अनुदानमा ५८ के.जी नाशिक रेड जातको प्याजको वीउ वितरण गरिएको छ ।

४)  किसानहरुको करेसावारी व्यवस्थापनको लागि निशुल्क हिउदे तरकारीको वीउ वितररण गरिएको छ ।

५) आकस्मिक वाली संरक्षण सेवा अन्तर्गत वाली विरुवामा रोग किरा र खाद्यतत्व कम हुनवाट वचाउन विभिन्न किसिमका ढुसीनाशक विषादी, किटनाशक विषादी र सुक्ष्म खाद्यतत्व निशुल्क वितरण गरिएको छ ।

६) कृषि प्रविधिलाई यान्त्रिकीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि कृषि विकास शाखावाट कृषि यन्त्र पावर टिलर १, मिनि टिलर ७, रिपर २, बेसार पिस्ने मेसिन २, ब्रस कटर २, स्प्रे ३० वटा गरी जम्मा ४४ थान मेशिनरी औजार ७५ प्रतिशत अनुदानमा वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

७)  कृषि उत्पादन र उत्पादकत्व बृद्धिको लागि कृषि विकास शाखावाट साना सिंचाई कार्यक्रम अन्तर्गत स्यालो ट्युवेल ४ वटा, पम्पसेट १२ वटा, इलेक्ट्रिक मोटर ११ वटा, कुलो निर्माण २ वटा र थोपा सिंचाई १ वटा वितरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

८) कृषकको मागमा आधारित कार्यक्रमको सुचना प्रकाशन गरी माग संकलन कार्य सकिएको छ ।

९) १५ वटा नयाँ कृषक समूह दर्ता भएका छन् भने  ८ वटा नविकरण गरिएको छ ।

१०) विभिन्न समयमा कृषि सामाग्री संस्थान र साल्ट ट्रेडिङ्गवाट वितरण गरिने अनुदानको रासायनिक मल सहकारीहरुलाई वितरण गर्नको लागि सहजीकरण गरिएको छ ।

११) विभिन्न कृषि फर्म, कृषि समूह तथा कृषि सहकारीमा कृषकको माग अनुसार तालिम संचालन गरिएको छ ।

१२) आ.व २०७८/०७९ मा परेको वेमौसमी वर्षाको कारण धान वालीमा भएको क्षतिको करिव १ करोड ५९ लाख राहत वितरण गरिएको छ।

आ.व ०७९/०८० मा कृषि विकास शाखा तर्फ छुट्टाइएको जम्मा वजेट ९३ लाख ९२ हजार वाट हाल सम्म खर्च भएको वजेट जम्मा १० लाख ५० हजार मात्र (११.१८ प्रतिशत ) रहेको छ ।

# पशु बिकास शाखाको प्रगति

१. कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत पशु नश्ल सुधार तर्फ १७५० वटा गाईभैसीमा कृत्रिम गर्भाधान गराइएको छ |

२. पशु स्वास्थ सेवा कार्यक्रम अन्तर्गत ८५४१ वटा पशुमा मेडिकल, माइनर सर्जिकल, मेजर सर्जिकल, गाइनोकोलोजिकल, गोबर, दूध, शब परीक्षण र उपचार सम्पन्न गरिएको छ |

३. पशु आहारा बिकास कार्यक्रम अन्तर्गत हिउदे घाँस बिउ वितरण अन्तर्गत जै-२२ क्वीन्टल र बर्सीम -७ क्वीन्टल विउ वितरण गरिएको छ जसमा ८६१ जना कृषक परिवार लाभान्वित भएका छन् ।

४. साझेदारी युवा लक्षित प्रवर्धन ५०% अनुदान कार्यक्रम अन्तर्गत गाई भैसी गोठ सुधार संख्या २०, बाख्रा खोर सुधार संख्या ३, मत्स्य श्रोत केन्द्र स्थापना १ गरी जम्मा २४ फर्मको सम्झौता भै कार्यदिश दिईएको छ |

५. रेबिज रोग बिरुद्ध सप्ताहब्यापी कार्यक्रम सम्पन्न गरी जम्मा २२५ कुकुर र बिरालो लाई खोप लगाईएको छ भने गाईभैसीमा एच एस बि क्यु खोप कार्यक्रम संचालन भैरहेको छ |

६. मत्स्य तथा पशुपालक ब्यबसायिक कृषकहरुलाई ७५% अनुदानमा यन्त्र उपकरण वितरण कार्यक्रम अन्तर्गत विधुतीय च्याफकटर -१९, काउम्याट- ५०, ब्रसकटर -११, ब्हिलब्यारो-८, एरिएटर-२ र थ्रेसर -१ गरी जम्मा ९० थान विविन्न उपकरण वितरण गरिएको छ जसमा जम्मा ५० परिवार लाभान्वित भएका छन् |

७. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत दूध उत्पादन गर्ने कृषकहरुलाई दूधमा रु.१ प्रति लिटर प्रोत्साहन गर्ने कार्यबिधि तयार गरि ३५ दिने सूचना जारी भएको छ |

८. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत खसीबोका उत्पादन गर्ने कृषकलाई मासुमा रु. २० प्रति किलो प्रोत्साहन गर्ने कार्यबिधि तयार गरी ३५ दिने सूचना जारी भएको छ |

९. भैसी प्रवर्धन कार्यक्रम अन्तर्गत सैनामैना नगरपालिका वार्ड न.१ पर्रोहाको समाबेसी पशुपालन समूह छनौट भै सम्झौता समेत भएर कार्यदिश दिइएको छ |

१०. नयाँ बाख्रा पकेट बिकास कार्यक्रमको लागि सैनामैना नगरपालिका वार्ड न. १ रानिबगियामा रहेको अभियान कृषि सहकारी संस्था लि. छनोट भएको र सम्झौता गर्न बाकि रहेको छ |

११. पशु बिकास शाखाको हाल सम्म विविन्न कार्यक्रममा जम्मा रु.१५,१०,४६६|- खर्च भएको छ ।

### लघु उद्धम विकास कार्यक्रम तर्फ

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि यस आ.व. मा वडा न २ र ७ छनौट गरी वडा नं २ मा २१ र वडा नं ७ मा २३ गरी जम्मा ४४ जनालाई अभिमुखिकरण गरिएको छ ।

सहभागिताक्मक ग्रामिण लेखा जोखा कार्यक्रममा वडा नं २ मा ५२ र वडा नं ७ मा ५५ जना गरी १०७ जनालाई सहभागी गराईएको छ ।

### भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको जग्गा व्यवस्थापन तर्फ

नगर क्षेत्रभित्र करिव ४० वर्ष अगाडि देखि बसोवास गर्दै आएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको जग्गा नाँपजाँच तथा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने कार्य स्थानीय सरकारको पहिलो प्राथमिकता रहेकोले आवश्यक पर्ने थप जनशक्ति, उपकरण लगायत अन्य सामाग्रीको व्यवस्थापन मिलाइएको छ । साथै हालसम्म अव्यवस्थित बसोवासीको जग्गा नाँपजाँचको उपलव्धि देहाय अनुसार रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

जग्गा नाँपजाँच कार्यको लागि १ जना टोली प्रमुख सहित ४ वटा टोलीमा सर्भेक्षक र अमिन गरि ९ जना र ४ जना सहयोगी कर्मचारी रहेका छन् भने वडा नं. १ मा जम्मा ब्लक संख्या १२ वटामा १२ वटा ब्लक स्वीकृत भई ब्लक नं. ३, ४ र १ को नाँपजाँच कार्य सम्पन्न भएका छन् भने वडा नं. ७ मा जम्मा ब्लक संख्या २२ वटा मध्ये ६ वटा ब्लक स्वीकृत भई ब्लक नं. ७ र ४ को नाँपजाँच कार्य सम्पन्न भई वडा नं. ८ का ६ वटा ब्लक स्वीकृतिका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति, रुपन्देहीमा सिफारिस गरिएका छन् भने वडा न. १ अन्तर्गत व्लक नं. ३ को ३२ वटा जग्गा धनी दर्ता प्रमाण पूर्जा तयार भएका छन् ।

नगर भित्रका वेदर्ता जग्गाहरु नापजाँच कार्यको लागि यसै आ.व.मा थप रु. १ करोड बजेट आवश्यक पर्ने देखिन्छ ।

**नगरसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,**

## भूमि तथा भवन व्यवस्थापन

- नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित वनाइनेछ। सैनामैना भवन निर्माण संहिता बमोजिम कार्यन्वयनमा ल्याईएको छ ।
- आ.व. २०७९/८० मा १९५ वटा नयाँ नक्सा दर्ता, ४० वटा अभिलेखिकरण गरी जम्मा २३५ नक्सा दर्ता भएका छन । गत र यस आ.व. मा दर्ता भएका मध्ये ६७ वटा लाई प्लिन्थ लेभल ईजाजत दिइएको छ, ५७ वटालाई सुपर स्ट्रक्चर ईजाजत दिईएको छ भने ११६ वटालाई सम्पन्न र ४३ वटालाई अभिलेखीकरण प्रमाणपत्र प्रदान गरिएको छ ।
- हाल सम्म घर नक्सा तर्फ रु १८ लाख ६७ हजार ७ सय ८८ राजस्व आम्दानी भएको छ ।
- सैनामैना नगरपालिका अन्तर्गतका साविक देखि दर्ता भएका र सम्पन्न भएका घर नक्साहरुको डिजिटाईजेसन तर्फ १००० नक्सा डिजिटाईज भई सकेका छन भने थप २५०० नक्सा फाईल डिजिटाईजेसनको लागि संस्था संग सम्झौता गरी कार्य आरम्भ गरीएको छ ।

**नाप नक्सा तर्फ**

- गत आ.व. मा नाप नक्सा भएका गाउँ ब्लक जग्गा अन्तर्गत साविक दुधराक्ष र सालझण्डीका ६ सय ७५ जनालाई जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण गरिएको छ ।
- ६७ वटा घरको फिल्ड रेखाङ्कन विभिन्न सडक, सार्वजनिक कुलो, घोला रेखाङ्कन, न्यायीक समितिको निर्णय अनुसार विवादित जग्गा रेखाङ्कन प्रस्तावित योजनाहरुको फील्ड रेखाङ्कन गरी प्रतिवेदन पेश गर्ने काम सम्पन्न भएका छन ।

नगरसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,

## पुर्वाधार विकास तर्फ

आ.व. २०७९।०८० मा सैनामैना नगरपालिका अन्तर्गत पुर्वाधार विकास तर्फ जम्मा २४७ योजना रहेको, जसमध्ये २२३ योजनामा नगरपालिकाबाट वजेट विनियोजन भएको, प्रदेश सरकार समपुरक तर्फ २ वटा योजना, प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फ १२ वटा योजना, संघीय सरकारको सशर्त अनुदान तर्फ ७ वटा योजना, संघीय सरकारको विशेष अनुदान तर्फ एउटा र संघीय सरकारको सपमुरक योजना अन्तर्गत एउटा योजना रहेका छन।

कुल योजना मध्ये हाल सम्म १० वटा योजना ठेक्का आह्वान प्रक्रियाबाट निर्माण कार्य सन्चालन भएका र १०८ वटा योजना उपभोक्ता समिति मार्फत सम्झौता भई निर्माण कार्य भईरहेका छन् भने उपभोक्ता समिति मार्फत सन्चालित योजना मध्ये हाल सम्म १३ वटा योजना सम्पन्न भई भुक्तानी भईसकेको छ। हाल ५ वटा योजना ठेक्का प्रक्रियाको लागि लागत अनुमान तयार भईरहेको छ । उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाको लागि समिति गठन भईरहेको र माघ मसान्त भित्र सम्पुर्ण योजना सम्झौता गर्ने लक्ष्य लिईएको छ ।

वहुवर्षिय ठेक्का प्रक्रिया बाट निर्माणधिन नगरकै गौरवका योजनाहरु पर्सोहा वोलवम मन्दिर तथा सत्तल निर्माण कार्य तिव्र रुपमा भईरहेको र कुल सम्झौता रकम रु. ६,५७,९६,०३६।०० मध्ये हाल सम्म जम्मा रु.२२२८४९५२।रकम भुक्तानी भईसकेको छ भने हालसम्मको भौतिक प्रगती ६७ प्रतिशत रहेको छ र उक्त योजना आगामी २०८० जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

त्यसै गरी मुर्गियामा १५ शैयाको अस्पताल भवनको निर्माण कार्य पनि अगाडी वढीरहेको र कुल सम्झौता रकम रु.११,३६,२४,४५२।२८ मध्ये हाल सम्म रु.५,६३,३८,६९२।२२ रकम भुक्तानी भईसकेको छ । हालसम्मको भौतिक प्रगती ५३ प्रतिशत रहेको छ ।

गत आ.व. मा सम्पन्न हुन नसकेका र म्याद थप भई निरन्तर भएका १० वटा योजना मध्ये ४ वटा योजना पुर्ण रुपमा सम्पन्न भई भुक्तानी समेत भईसकेको छ । ६ वटा योजना हरु वडा स्तरीय सडक कालोपत्रे सैनामैना १, सालझण्डी ढोरपाटन वसपार्क, वडा कार्यालय भवन वडा नं. ८ र मुर्गिया खेलमैदानमा प्यारफिट निर्माण, वडा नं. २ को वडा कार्यालय भवन र वडा कार्यालय भवन वडा नं ५ को निर्माण कार्य आगामी चैत्र मसान्त सम्म सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

चालु आ.व.मा सन्चालित योजना हरुमध्ये २९४५ मिटर सडक कालोपत्रेको लक्ष्य लिईएकोमा सो मध्ये ४६३ मिटर सडक कालोपत्रे कार्य सम्पन्न भएको छ, त्यसै गरी २३.५ कि.मि. सडक स्तरोन्नति गर्ने लक्ष्य लिईएको छ र हाल सडक स्तरोन्नति कार्यको लगत अनुमान तयार भईरहेको छ ।

२९७ मिटर नाली निर्माण, ८० मिटर लम्बाई सडक पि सि सि ढलान, ४८ मिटर कम्पाउन्ड गारो, ४५ मिटर लम्बाई रिटेनिङ्ग गारो र मुर्गिया शिशौडाडा सडकमा रिफलेक्टर वत्ती, थर्मोप्लास्टिक पेन्ट तथा हरियाली प्रर्वद्धनको लागि वृक्षारोपण कार्य सम्पन्न भएको छ ।

यसै आ. व.मा १ नं र ४ नं वडा कार्यालय भवन निर्माण सम्पन्न भई वडा नं १ को नवनिर्मित भवनबाट सेवा प्रवाह भईरहेको छ भने वडा नं. ४ को आगामी माघ ७ गतेदेखि नवनिर्मित भवनबाट सेवा प्रवाह गर्ने योजना रहेको छ ।

वडा कार्यालय भवन ९ र १० को निर्माण कार्य शुरु भएको र आगामी वैशाख मसान्त सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

नगरपालिकाको प्रशासनिक भवन परिसरमा यस आ.व.मा पेभिङ तथा गार्डेन निर्माणको कार्य आगामी चैत्र मसान्त भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ । सैनामैना नगरका ऐतिहासिक ५ वटा थारु वस्तिमा उज्यालो गाँउ कार्यक्रम अन्तर्गत पेभिङ तथा सडक वत्ती जडानको कार्य हाल ठेक्का प्रक्रियामा रहेको छ ।

सडक वोर्ड नेपालको आर्थिक सहयोगमा सन्चालन हुने सडक मर्मत सम्भार योजना अन्तर्गत नगरभित्रका अति जिर्ण सडकहरुको यस आ. व. मा मर्मतको लागि लगत संकलन भईरहेको छ। प्राथमिकताको आधारमा योजना छनौट गरी निर्माण कार्य अघि बढाईने छ ।

वडा नं. १० को फुलवारी पार्कमा खुल्ला व्यायमशाला निर्माणको कार्य सुरु भएको छ। चुरे संरक्षणको लागि तारवारको कार्य अघि वढाईएको छ । उज्यालो शहर कार्यक्रम अन्तगत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य तथा समन्वयमा हाल ठेक्का प्रक्रियामा रहेको छ ।

एशियाली विकास वैंकको आर्थिक सहयोगमा नगरभित्र छनौट भएका ५ वटा योजना मध्ये सैनामैना चक्रपथको सालझण्डी सडक खण्डको आगामी चैत्र मसान्त भित्र ठेक्का आह्वानको प्रक्रियामा रहेको र वाकी योजना मलमला क्षेत्र विकास परियोजना, राजापानी सिमसार क्षेत्र, पानवारी सिमसार क्षेत्र र एकिकृत फोहरमैला प्रशोधन निर्माण योजनाहरुको DPR तयारीको काम भईरहेको छ ।

नदीजन्य पदार्थ उत्खनन तथा विक्रिको लागि वडा कार्यालय सँग समन्वय भई काम अघि बढीरहेको छ ।

**नगरसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरू,**

## वन,वातावरण तथा विपद व्यवस्थापन

### वन वातावरण

**सैनामैना नगरपालिका वडा नं. ९ र ११ को सीमा क्षेत्र पिपलडाडामा सार्वजनिक निजी साझेदारीको प्रकृयाबाट अस्थायी रुपमा फोहरमैला व्यवस्थापन भइ रहेकोमा उच्च प्रविधिबाट फोहरमैला व्यवस्थापन गर्ने** उद्देश्यले वातावरण मैत्री तरिकावाट व्यवस्थापन गर्नको लागि हेटौडा स्थित मियाटो इन्टरनेशनल प्रा.लि. ले निर्माण गरेको जापानीज प्रविधियुक्त पाईरोलाईसिस विधिको मिति २०७९ साल मंसिर २६ गते नगर प्रमुख उप प्रमुख, कार्यपालिका सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत सहितको टोलीबाट अवलोकन भएको र उक्त प्रविधीयुक्त मेसिन जडानको लागि कार्यपालिका बैठकबाट निर्णय भईसकेको र स्थानीय सर्वदलीय सर्वपक्षीय बैठकबाट समेत उक्त कार्य गर्न सिफारिस गरिएको हुँदा ३ महिना भित्र उक्त मेसिन जडान गरी सैनामैना नगरपालिकाको उच्च प्रविधियुक्त फोहोर व्यवस्थापन गर्ने लक्ष्य रहेको छ ।

त्यसै गरी दीर्घकालीन फोहोर मैला व्यवस्थापन गर्न सैनामैना नगरपालिका वडा नं. १० एकला पहाडमा समग्र रूपन्देही र छिमेकी जिल्लालाई समेत मध्यनजर गरी निर्माण गर्न लागिएको फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माणको लागि जग्गा प्राप्त गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

**२०७९ श्रावण ६ गते वि पि स्मृति दिवसको अवसरमा वडा नं. ९ को लखनपार्कमा ५०० र ७ गते पुष्पलाल स्मृति दिवसको अवसरमा वडा नं. २ को वोलवम पर्यटकीय पार्कमा ५०० गरी करिव १००० बृक्षारोपण गरिएको छ ।**

**सबृद्धिका लागि वन कार्यक्रम सन्चालनका लागि कार्ययोजना तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयमा पठाईएको छ ।**

**आ.व. ०७९/८०मा विपद् व्यवस्थापनका लागि कुल विनियोजित रकम रु.५० लाख विनियोजन गरिएकोमा हाल सम्म विपद्मा परेका २८ जनालाई राहात स्वरुप रु.२०४५००।- वितरण गरिएकोछ । रु.११६२०००।— रकम खर्च हुने गरी १३ वटा विपद् प्रभावित आपतकालिन आयोजनाहरु सन्चालनमा ल्याईएको छ ।रु.२५००००।— को त्रिपाल खरिद गरी वितरण गरिएको छ भने वाढिको प्रकोपलाई नियन्त्रण गर्न रु.५००००।-को वोरा खरिद गरी वितरण गरिएको छ ।**

**२२ वटा विपद् प्रभावित आयोजना सन्चालनका लागि संघ र प्रदेश सरकारमा सिफारिस गरी पठाईएको छ ।**

**अन्तर स्थानीय तह विपद् व्यवस्थापन तथा वारुणयन्त्र संचालन तर्फः**

चार पालिकाको संयुक्त प्रयास र सहयोगमा संचालित वारुणयन्त्र मार्फत आकस्मिक रुपमा आगलागिबाट हुने मानवीय जनधनको क्षति लगायत जोखिमलाई नियन्त्रण गर्ने क्रममा २३ वटा घटनाहरुको आगो नियन्त्रण गर्ने कार्य चालु आर्थिक वर्षको पौष मसान्तसम्म सम्पन्न भएका छन् ।

**नगरसभाका सदस्य ज्यूहरु,**

**न्याय प्रणाली**

- नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम गठित न्यायीक समितिलाई क्रियाशिल वनाईएकोछ । न्यायीक समितिमा दर्ता भएका निवेदनहरु दुवै पक्षको जित हुने गरी मेलमिलापको माध्यमबाट न्यायीक निरुपण गरिदै आएको छ । न्यायीक निरुपणका लागि मेलमिलाप केन्द्रलाई पुनर्गठन गरी २५ सदस्यीय नगरस्तरीय मेलमिलाप केन्द्र र वडा स्तरमा प्रत्येक वडामा रहने गरी ११ वटा वडा स्तरीय मेलमिलाप केन्द्र पुनर्गठन गरी कार्यन्वयनमा ल्याईएको छ ।नगरस्तर र वडा स्तरमा गरी १२३ जना मेलमिलाप कर्ता नगर पालिकामा सूचिकृत गरिएको छ । आ. व. ०७९/८० मा १३ वटा मुद्दा दर्ता भएकोमा विगतमा दर्ता भएका र यस आ. व. मा दर्ता भएका मुद्दा मध्ये १० वटा न्यायीक समितिको वैठक वसी ६ वटा मुद्दामा मिलापात्र गराइएको छ भने ३ वटा वडा कार्यालयमा पठाइएको र १ वटा मुद्दा अदातल गएको र ११ मुद्दा प्रकृयामा रहेका छन ।

राजश्व प्रशासन

- सैनामैना नगर क्षेत्रभित्र रहेका संपूर्ण पेशा एवं व्यवसायीहरुलाई करको दायरामा ल्याउन कार्यपालिका सदस्यज्यूहरु, वडा सचिव र कार्यालय सहायक कर्मचारीहरुलाई नगरपालिकाको आर्थिक ऐन,२०७९, व्यवसाय कर सम्वन्धी कार्यविधि,२०७७ र घर बहालकर व्यवस्थापन कार्यविधि,२०७७ सम्वन्धी अभिमुखिकरण तालिम सम्पन्न भएका छन् भने राजश्व असुलीलाई तिव्रता दिन सैनामैना नगरपालिकाको राजश्व अनुगमन सम्वन्धी कार्यविधि, २०७९ को मस्यौदा अन्तिम चरणमा रहेको छ ।

सुशासन तथा सेवा प्रवाह

- स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी वनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइएको छ । सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिएको छ ।
- सेवाप्रवाहलाई प्रक्रियामूखी नभई परिणाममूखी बनाउदै लगिएको छ । नगरपालिकाको खर्च प्रणालीलाई सरलिकृत गराउन सबै भुक्तानीहरुमा ई-पेमेन्ट प्रणालि लागु गरिएको छ । जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरी नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिएको छ।
- जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरणको थालिनी गरीएको छ । पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यलाई निरन्तर अगाडि बढाईएको छ । नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिएको छ।
- सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरी नियमित रुपमा नगरपालिकाको आधिकारिक website, Facebook Page मार्फत सुचना प्रवाह गरिएको छ ।
- ८० वर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई बैंकमार्फत घरमै भत्ता वितरणको व्यवस्थालाई थप प्रभावकारी बनाईएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको फोटो सहितको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिएको छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ जसको लागि जनप्रतिनिधि, बैङ्कका कर्मचारी, सम्बन्धीत शाखा, वडा सचिव तथा अन्य कर्मचारीलाई अभिमुखिकरण तालिम सम्पन्न गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण अन्तर्गत आ.व. २०७९।०८० को प्रथम त्रैमासिक किस्ताको रकम रु ६,१६,००,०१६।– निकासा गरी विभिन्न बैंकहरु मार्फत ६५७८ जना लाभग्राहीहरुलाई भत्ता वितरण गरिएको छ भने दोस्रो त्रैमासिक रकम निकासाको चरणमा रहको छ ।
- आ.व. २०७९।०८० (मिति २०७९।०४।०१ देखि हाल सम्म) मा व्यक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता ६९९, मृत्यु दर्ता २१०, विवाह दर्ता ३५३, बसाइसराई दर्ता ३८३ र सम्बन्ध बिच्छेद दर्ता ३४ गरी जम्मा १६७९ घटना दर्ता भएका छन् ।

- विभिन्न जिल्लाका स्थानीय तहहरु सँग समन्वय गरी व्यक्तिगत घटना दर्ता तथा डाटा संशोधन गरि १२ जनाको व्यक्तिगत घटना दर्ताको  निर्णय गरी प्रतिलिपी जारी गरिएको छ ।
- उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइएको छ । जस अन्तर्गत ४ पटक बजार अनुगमन गरिएको छ ।
- सबै सहकारीका अध्यक्ष र व्यवस्थापकको लागि ३ दिने तालिम सम्पन्न गरिएको छ ।
- आ.व. २०७९/८० मा ६ वटा क्लब, ५ वटा मन्दिर, ४ वटा आमा समुह, ३ वटा अन्य समुह संस्था गरी जम्मा १८ वटा नयाँ संस्था दर्ता गरिएका छन ।
- नगरभित्र संचालित टोल बिकास संस्थाहरुको पुनर्गठन कार्य अन्तिम चरणमा पुगेको छ ।
- भु-उपयोग नीति कार्यन्वयन सम्बन्धमा भु-उपयोग परिषदको बैठकबाट जग्गाको बर्गिकरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ भने सडकको क्षेत्राधिकार र नामाकरण गरी सार्वजनिक गरिएको छ ।
- कर्मचारीहरुलाई आफ्नो सेवा प्रति जिम्मेवारी महसुस गराउन र समय पालना लागु गर्न नगरपालिकाबाट सेवा प्रवाह हुनु पुर्व बिहान १०:०० बजे राष्ट्रिय गान र नगरगान लाई अनिवार्य गरिएको छ ।

**नगरसभा सदस्य एवं उपस्थित महानुभावहरु**

अब म आ.व. २०७९/८० को हाल सम्मको आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ,**

- संघीय सरकार तर्फ वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँड गरी रु ५३ करोड ५१ लाख १७ हजार २० अनुमान गरेकोमा २६ करोड ९६ लाख ५२ हजार २ सय ९२ आम्दानी भएको छ ।
- प्रदेश सरकार तर्फ समानिकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँड गरी जम्मा रु ८ करोड ४९ लाख ८२ हजार ७७४ अनुमान गरेकोमा २ करोड २८ लाख ४७ हजार ११७ आम्दानी भएको छ ।
- चालु आर्थिक वर्षमा आन्तरीक स्रोत तर्फ रु १२ करोड १८ लाख राजस्व अनुमान गरेकोमा हाल सम्म रु. २ करोड ९२ लाख ८२ हजार राजश्व प्राप्त भई वार्षिक अनुमान गरेको रकमको २४% (प्रतिशत) मात्र राजश्व असुली भएको छ ।

**व्यय तर्फ,**

- आर्थिक बिकास तर्फ रु ७ करोड ५७ लाख ८५ हजार २ सय विनियोजन गरेकोमा हाल सम्म १ करोड ४२ लाख २८ हजार ७० (१८.७७ प्रतिशत) खर्च भएको छ ।
- सामाजिक विकास तर्फ रु २९ करोड ४ लाख ७५ हजार ५ सय ६५ विनियोजन गरेकोमा हाल सम्म १० करोड १४ लाख ४६ हजार ९ सय ९१ (३४.९२ प्रतिशत) खर्च भएको छ ।
- पुर्वाधार विकास तर्फ २९ करोड १ लाख ७२ हजार ३ सय विनियोजन गरेकोमा हाल सम्म १ करोड ८० लाख ३ हजार ८ सय ३३ (६.२ प्रतिशत) खर्च भएको छ ।
- सुशासन तथा अन्तसम्बन्धित क्षेत्रमा २ करोड ७० लाख ७ हजार ८ रुपैंया विनियोजन गरेकोमा हाल सम्म ८ लाख ६९ हजार ४ सय १४ (३.२२ प्रतिशत) खर्च भएको छ ।
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ २० करोड ३६ लाख ४४ हजार १ सय २६ विनियोजन गरेकोमा ७ करोड २० लाख १० हजार १६५ (३५.३६ प्रतिशत) खर्च भएको छ ।

**अन्त्यमा,**

सैनामैना नगरपालिकाको १२औ नगर सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु, नगरस्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पत्रकार जगत, आम नगरवासी महानुभावहरु र कर्मचारी हरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै नगरले लिएका नीतिहरुको कार्यन्वयनमा रचनात्मक सुझाव र सहयोगको अपेक्षा लिएको छु ।

सुशासन प्रबर्द्धन तथा भ्रष्टचार नियन्त्रणका लागि **म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु** भन्ने प्रतिज्ञा गर्दछु ।

धन्यवाद

फणेन्द्र प्रसाद शर्मा

नगर प्रमुख

मिति २०७९ पौष २८ गते